**संघीय संसद**

प्रतिनिधि सभा, २०७९

दोस्रो अधिवेशन

**भए गरेका काम कारवाहीको संक्षिप्त जानकारी**

(१) मा० सदस्यहरु, प्रतिनिधि सभाको दोस्रो अधिवेशन २०८० साल वैशाख २४ गते आइतबार प्रारम्भ भई आज २०८० साल कात्तिक १६ गते बिहीबारसम्म जम्मा १८० दिन चालु रह्यो । जसमध्ये ६१ दिनहरुमा ६५ पटक बैठक बसी जम्मा २४४ घण्टा ५० मिनेट ससंदीय काम कारवाहीमा व्यतित भयो । साथै यस अवधिमा संघीय संसदको संयुक्त सदनको जम्मा ६ वटा बैठक बसी ७ घण्टा ५ मिनेट समय व्यतित भयो ।

(२) सम्माननीय राष्ट्रपतिबाट आ.व. २०८०/०८१ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्दै मिति २०८० जेठ ५ गते बसेको संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनप्रति सोही दिन बसेको प्रतिनिधि सभाको बैठकले सर्वसम्मतिबाट धन्यवादको प्रस्ताव पारित गरेको थियो । साथै सम्माननीय राष्ट्रपतिबाट सम्बोधन मार्फत् प्रस्तुत भएको आ.व. २०८०/०८१ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथि २०८० जेठ ७, ८, ९, १० र १३ गतेका दिनहरुमा छलफल भई जेठ १३ गते उक्त नीति तथा कार्यक्रम बहुमतबाट पारित भयो ।

(३) प्रतिनिधि सभा नियमावली, २०७९ को नियम नियम ५६ को उपनियम (५) को व्यवस्था बमोजिम मिति २०८० जेठ ४ गते, असार ८ र भदौ १२ गतेको बैठकहरुमा प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर सम्बन्धी कार्यक्रम सम्पन्न भएको थियो ।

मिति २०८० जेठ ४ गतेको बैठकमा प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ५६ को उपनियम (५) लाई सो बैठकमा मात्र लागू हुने गरी सोही नियमावलीको नियम २५२ बमोजिम नियम निलम्वनको प्रस्ताव स्वीकृत भएको थियो ।

(४) २०८० जेठ १ गतेको सभाको बैठकमा संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली, २०७५ को नियम ४२ को उपनियम (३) बमोजिम "संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली संशोधन मस्यौदा समिति गठन गरियोस्" भनी समितिमा रहनुहुने मा० सदस्यहरु सहितको प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत भएको थियो । त्यसैगरी राष्ट्रिय सभाको मिति २०८० जेठ ५ गतेको बैठकले सो समितिमा सभाका मा० सदस्यहरुको समेत नाम मनोनयन गरी सर्वसम्मत रुपमा स्वीकृत गरेको थियो ।

उक्त नियमावली मस्यौदा समितिले मिति २०८० जेठ १० गतेको संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा पेश गरेको "संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली मस्यौदा समितिको प्रतिवेदन, २०८०" संयुक्त सभाको मिति २०८० जेठ १४ गतेको बैठकबाट बहुमतले पारित भएको थियो ।

(५) २०८० वैशाख २४ गतेको बैठकमा पेश भएको आ.व. २०८०/०८१ को लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) माथि २०८० वैशाख २५, २६ र २७ गतेका बैठकमा छलफल गरिएको थियो ।

(६) त्यसैगरी २०८० जेठ १५ गते संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा पेश भएको आ.व. २०८०/०८१ को लागि राजश्व र व्ययको वार्षिक अनुमानमाथि सभाको जेठ २२, २३, २४, २५, २६ र २८ गतेको बैठकमा छलफल पश्चात् जेठ २९ गते मा० अर्थमन्त्रीबाट जवाफ दिने कार्य समेत सम्पन्न भएको थियो ।

(७) सभाको २०८० जेठ २९ गतेको बैठकमा प्रस्तुत भएको "विनियोजन विधेयक, २०८०" माथि जेठ ३२ देखि असार १० गतेसम्मका बैठकहरुमा दफावार छलफल भई असार १०, ११, १२ र १३ गते सम्बन्धित मा० मन्त्रीहरुबाट जवाफ दिने कार्य सम्पन्न भएपछि उक्त विधेयक बहुमतबाट पारित भएको थियो ।

(८) सभाको पहिलो बैठकमा पेश भएको "मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८०" लाई मिति २०८० वैशाख २७ गते बसेको बैठकले स्वीकृत गरेको थियो ।

(९) सभाको यस अधिवेशनमा प्रतिनिधि सभामा ८ वटा सरकारी र एउटा गैर सरकारी विधेयक दर्ता भएको थियो जसमध्ये ३ वटा विधेयक संघीय संसदको दुवै सदनबाट पारित भएका छन् भने ३ वटा विधेयक समितिमा विचाराधीन रहेका छन् र २ वटा विधेयक सभामा प्रस्तुत मात्र भएका छन् भने एउटा विधेयक दर्ता मात्रको स्थितिमा रहेको छ । साथै सभाको पहिलो अधिवेशन दर्ता भई सम्बन्धित समितिमा विचाराधीन ३ वटा विधेयकहरु मध्ये "सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक" सम्बन्धी समितिको प्रतिवेदन बैठकमा पेश भएको छ ।

त्यसैगरी राष्ट्रिय सभामा उत्पत्ति भई प्रतिनिधि सभामा प्राप्त "मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८०" सभाबाट पारित भैसकेको छ भने "नेपाल विश्वविद्यालय विधेयक, २०८०" सम्बन्धित समितिमा विचाराधीन रहेको छ । त्यसैगरी सभाको पहिलो अधिवेशनमा राष्ट्रिय सभाबाट प्राप्त ७ वटा विधेयकहरु सम्बन्धित समितिमा विचाराधीन नै रहेका छन् । यसरी सभाबाट आर्थिक विधेयक, २०८०, विनियोजन विधेयक, २०८० र राष्ट्र ऋण उठाउने विधेयक, २०८० र मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८० गरी कूल ४ वटा विधेयक पारित भएका छन् ।

(१०) त्यसैगरी प्रतिनिधि सभाको चालू अधिवेशनमा मा० सदस्यहरुबाट दर्ता हुन आएका विभिन्न मन्त्रालयसँग सम्बन्धित १६२ वटा मौखिक र ६ वटा लिखित प्रश्नहरु मध्ये १२९ वटा मौखिक र ३ वटा लिखित प्रश्नहरुको उत्तर प्राप्त भएकोमा सभाको विभिन्न बैठकमा १५ वटा मौखिक प्रश्नहरुको सम्बन्धित मा० मन्त्रीबाट उत्तर दिने कार्य सम्पन्न भयो भने प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ४५ को उपनियम (३) बमोजिम उत्तर प्राप्त भएका बाँकी मौखिक र लिखित प्रश्नहरुको उत्तर सभामा टेबुल भएका छन् ।

(११) यस अधिवेशन अवधिभरमा "नेपाल सरकारको वार्षिक प्रतिवेदन आ.व. २०७८/०७९" र "महालेखा परीक्षकको साठीऔं वार्षिक प्रतिवेदन, २०७९" "निर्वाचन आयोग, नेपालको पन्ध्रौं वार्षिक प्रतिवेदन २०७७/०७८ र सोह्रौं वार्षिक प्रतिवेदन २०७८/०७९", "राष्ट्रिय महिला आयोगको पन्ध्रौं वार्षिक प्रतिवेदन (२०७८ श्रावणदेखि २०७९ आषाढ मसान्तसम्म)" र "राष्ट्रिय दलित आयोगको दोस्रो वार्षिक प्रतिवेदन आ.व. २०७८/७९ र तेस्रो वार्षिक प्रतिवेदन आ.व. २०७९/८०" सभामा पेश भए ।

(१२) मिति २०८० जेठ १४ गतेको सभाको बैठकमा संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०८० को नियम २५ को उपनियम (२) बमोजिम संसदीय सुनुवाई समितिमा प्रतिनिधि सभातर्फका माननीय सदस्यहरुको नाम मनोनयन गर्ने प्रस्ताव बहुमतबाट स्वीकृत भएको थियो ।

(१३) त्यसैगरी मिति २०८० भदौ ६ गतेको बैठकमा नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयबाट बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोगको कार्यावधि थप गर्ने गरी जारी भएको आदेश बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ४२ को उपदफा (२) बमोजिम पेश भएको थियो ।

(१४) नेपालको औपचारिक भ्रमणमा आउनु भएका संयुक्त राष्ट्र संघका महासचिव महामहिम एन्टोनियो गुटेरेसले मिति २०८० कार्तिक १४ गते बसेको संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्नुभएको थियो ।

(१५) यस अधिवेशनमा संविधान सभा अध्यक्ष एवं वर्तमान प्रतिनिधि सभा सदस्य सुवासचन्द्र नेम्वाङ्गको निधन भएकोमा शोक प्रस्ताव पारित भएको थियो ।

(१६) यसैगरी संविधान सभा सदस्य महेश चौधरी, पुरुषोत्तम बस्नेत, श्याम सुन्दर टिवडेवाल र मीना पाण्डे, पूर्व सदस्य लालकाजी गुरुङ, खेमराज भट्ट मायालुको निधन भएकोमा शोक प्रस्ताव पारित भएको थियो ।

(१७) यसैगरी सुदुरपश्चिम प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्री पृथ्वीबहादुर सिंहको निधन भएकोमा शोक प्रस्ताव पारित भएको थियो ।

(१८) सभाको विभिन्न बैठकको आकस्मिक, शून्य र विशेष समयहरुमा सभाका मा० सदस्यहरुले समसामयिक एवं जिल्लामा घटित विभिन्न घटनाहरुको सम्बन्धमा सरकार एवं सम्बन्धित पक्षको ध्यानाकर्षण गराउनु भएको थियो ।

(१९) यसै अवधिमा सदनको विभिन्न बैठकहरुमा सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) ले "पशुपतिनाथको जलहरी सम्बन्धी विषयमा प्रमुख प्रतिपक्ष दलको नेतालाई जोडेर सदनमा विचार व्यक्त हुनु उचित नभएको सम्बन्धमा", "मित्रराष्ट्र भारतको औपचारिक भ्रमणमा जान लागेको सम्बन्धमा", "जेठ १७ देखि २० गतेसम्म भएको भारतको भ्रमणमा भएका सम्झौता लगायतका सम्बन्धमा", "पुस्तक विमोचनका क्रममा दिएको अभिव्यक्ति सम्बन्धमा", "संयुक्त राष्ट्र संघको ७८ औं महासभा र चीन भ्रमणमा एशियाली खेलकुद उद्घाटन समारोहमा सहभागी हुने र भेटघाट हुने सम्बन्धमा" र "सुनको अवैध पैठारी तस्करी नियन्त्रणका लागि सुझाव सहितको प्रतिवेदन पेश गर्न जाँचबुझ आयोग गठन भएको, पेट्रोलियम पदार्थको मुल्यवृद्धि तत्काल फिर्ता गरिएको, चीन भ्रमणमा चिनीयाँ राष्ट्रपति र प्रधानमन्त्रीसँगको भेटको क्रममा चीनसँगको व्यापार लगायतका विषयमा छलफल भएको र संयुक्त राष्ट्र संघको ७८ औं महासभामा नेपालको शान्ति प्रक्रिया, जलवायू परिवर्तन लगायतका विषयमा विश्व समुदायको ध्यानाकर्षण गराएको, अमेरिकी राष्ट्रपति, संयुक्त राष्ट्र संघका महासचिव एवं विभिन्न देशका राष्ट्रप्रमुखसँग पनि भेटघाट भएको" लगायतका सार्वजनिक महत्वको विषयमा सदनलाई जानकारी गराउनु भएको थियो ।

साथै माननीय उपप्रधानमन्त्री तथा गृह मन्त्री श्री नारायणकाजी श्रेष्ठले "कोशी प्रदेशमा घटित घटनाका सम्बन्धमा र आन्दोलनका क्रममा हुने हिंसात्मक कार्यलाई रोक्न सरकार प्रतिवद्ध रहेको सम्बन्धमा", माननीय अर्थ मन्त्री डा० प्रकाश शरण महतले "निर्वाचन कार्यालयहरु तदनुरुपको स्थितिमा रहने सम्बन्धमा" र "आर्थिक वर्ष २०८०/०८१ को बजेट वक्तव्यको अनुसूची-१६ को खण्ड (क) को क्रमसंख्या १० मा रहेको प्रावधान हटाइएको सम्बन्धमा", माननीय परराष्ट्र मन्त्री श्री नारायण प्रकाश साउदले "इजरायलको दक्षिणी क्षेत्रमा भएको आक्रमणका कारण त्यहाँ रहेका नेपालीहरुको उद्धार तथा सहयोग गर्नको लागि आवश्यक सहजीकरण र समन्वय भइरहेको" लगायतका सार्वजनिक महत्वको विषयमा सदनलाई जानकारी गराउनु भएको थियो ।

(२०) यसैगरी प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १५ को उपनियम (२) बमोजिम माननीय उपप्रधान तथा गृह मन्त्री श्री नारायणकाजी श्रेष्ठ र मा० भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री प्रकाश ज्वाला, माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा० बेदुराम भुसालले आकस्मिक, शून्य एवं विशेष समयमा उठेका प्रश्नको सम्बन्धमा जवाफ दिनुभएको थियो ।